सामाजिक विकास मन्त्रालय
# स्वास्थ्य निर्देशनालय
गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

## कोरोना भाइरस नियन्त्रण र रोकथामका लागि गण्डकी प्रदेश सरकारका तर्फबाट बाट आज भएका गतिविधिहरु

*मिति २०७७/१/१ गते*



सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्री नरदेवी पुन मगरज्यूको उपस्थितमा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आउनु भएका चिकित्सा सेवा महाशाखाका निर्देशक डा तारानाथ पोख्रेलज्यू सहितको टोली, स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशका निर्देशक डा विनोद विन्दु शर्माज्यू, स्वास्थ्य निर्देशनालय र विश्व स्वास्थ्य संगठनका कर्मचारीहरु सम्मिलित बैठक स्वास्थ्य निर्देशनालयको बैठक हलमा सम्पन्न भयो। उक्त बैठक कोभिड - १९ को सन्दर्भमा प्रभावकारी रुपमा सूचना संकलन गर्नको निम्ति स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशले तयार गरिरहेको अनलाइन रिपोर्टिंग प्रणाली, सर्वसाधारणको लागि सूचना प्रवाह गर्नको निम्ति तयार गरिएको **'गण्डकी स्वास्थ्य'** मोबाइल एप्सको विविध पक्षका बारेमा छलफल गर्नको निम्ति आव्हान गरिएको थियो। बैठकले छिट्टै नै गण्डकी प्रदेशका स्थानीय तहदेखि जिल्ला हुँदै प्रदेशसम्म स्वास्थ्य सम्बन्धि अनलाइन सूचना संकलन गर्ने प्रणालीको शुरुवात गर्ने भएको छ।

यसैगरी आजै विहान ८ बजे स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेश पोखरामा माननीय सामाजिक विकास मन्त्रीज्युको उपस्थितिमा स्वास्थ्य निर्देशनालयका निर्देशकज्यू र अन्य कर्मचारीको उपस्थितिमा कोरोना भाइरस (कोभिड - १९) रोगको नियन्त्रणमा खटिएका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, कर्मचारी लगायत सबैको उच्च प्रशंसा गर्दै राष्ट्रिय गान र करतालीले सम्मान गरिएको छ।



सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालामा गण्डकी प्रदेशका विभिन्न जिल्लाबाट कोभिड - १९ शंकास्पद विरामीको नमुना संकलन गरि पी.सी.आर प्रविधिबाट परीक्षण भैरहेको छ । उक्त कार्यमा काठमाडौँबाट आउनुभएका प्रयोगशाला विज्ञहरु सहित प्रयोगशालाकै कन्सल्टेन्ट प्याथोलोजिस्ट तथा प्रयोगशाला प्राविधिकहरु, प्रदेश जनस्वास्थ्य प्रयोगशालाका प्रविधिकहरुको टीम निरन्तर रुपमा खटिइरहेको छ ।






यसैगरी विभिन्न जिल्लामा Rapid Diagnostic Test (RDT) किट बाट विदेशबाट फर्किएका र क्वारेन्टाइनमा बसेकाहरुको कोभिड - १९ परिक्षण भैरहेको छ । आज थप ४०० जनाको RDT किटबाट कोभिड-१९ को परिक्षण गरिएको छ । यससंगै जम्मा १७८२ जनाको RDT किट मार्फत परिक्षण गरिएको छ ।
RDT किटबाट गरिएको परिक्षण संख्या र कोभिड - १९ संग सम्बन्धित विभिन्न विवरण तलको टेबलमा दिइएको छ ।





Website: http://hd.gandaki.gov.np/ Email Address: hd.gandaki@gmail.com

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०




स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य सेवा विभागबाट विभिन्न बन्दोबस्तीका सामाग्री सहितको १५ थान RRT झोला प्राप्त भएको छ । यस झोलाभित्र टेन्ट, झुल, चक्कु, पन्जा, लाइट, प्राथमिक उपचार सामग्री लगायतका सामानहरु रहेका छन् । यी सामग्रीको विपदको बेला विकट ग्रामिण भेगहरुमा उद्दार कार्यमा संलग्न स्वास्थ्यकर्मी, सुरक्षाकर्मी लगायतका व्यक्तिहरुले प्रयोग गर्नेछन ।

स्वास्थ्य निर्देशनालयको कोभिड - १९ सम्बन्धि परामर्श दिने निशुल्क टेलिफोन सेवा 'हेल्लो डाक्टर' १०९२ मा मिलिटरी अस्पताल, पोखराका चिकित्सक सह-सेनानी डा आर्या रायमाझीले परामर्श सेवा प्रदान गरिरहनु भएको छ । आजसम्म ५६९ जनाले परामर्श सेवा लिइसकेका छन ।

**साबुन पानीले हात मिचीमिची धोऔं ।**

**मास्क र स्यानीटाईजर को प्रयोग गरौं ।**

**लक डाउनको बेला घरमै बस्नुहोस । अत्यावश्यक काम बाहेक बाहिर ननिस्कनुहोस । सामाजिक दुरी कायम राख्नुहोस ।**





सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेशका माननीय मन्त्रि नरदेवी पुन मगरज्यूले गण्डकी प्रदेशमा स्वास्थ्य सम्बन्धि भएका क्रियाकलापहरु तथा तथ्यांकहरू सर्वसाधारणहरुमा पुरयाउने उद्देश्यले स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशले तयार **गरेको गण्डकी स्वास्थ्य** नामक मोबाइल एप्सको उद्घाटन गर्नुभयो । मोबाइल एप्स प्लेस्टोरमा गइ डाउनलोड गरि प्रयोग गर्न सकिनेछ । सो क्रममा माननीय मन्त्रीज्युले मोबाइल एपले कोभिड - १९ र गण्डकी प्रदेशको स्वास्थ्य सम्बन्धि विविध सूचना तथा जानकारी प्रदान गर्नको निम्ति सहयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री १०९२ (हेल्लो डाक्टर)
फोन नं. ०६१-५२०३९०
फ्याक्सः ०६१-५२०३३०

गण्डकी प्रदेशमा भएका क्वारेन्टाइन, आइसोलेसन, संकलित नमूना र नतीजा (PCR र RDT समेत) सम्बन्धि बैशाख १ गतेसम्मको विवरण

| जिल्ला | क्वारेन्टाइन | | | होम क्वारेन्टाइनमा रहेका | फिभर क्लिनिक | | आइसोलेसन | | विदेशबाट आएकाको संख्या | संकलित नमुना | नेगेटिभ | पोजिटिभ | नतिजा आउन बाँकी | RDT किटबाट गरिएको परिक्षण |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | बेड | बसेका | | संख्या | जाँचेको | बेड | बसेका | | | | | | |
| कास्की | 11 | 493 | 0 | 96 | 5 | 227 | 111 | - | 348 | 102 | 95 | 0 | 7 | 80 |
| स्यांग्जा | 34 | 1117 | 29 | 486 | - | 46191 | 4 | - | 601 | 101 | 101 | 0 | 0 | 209 |
| तनहुँ | 30 | 176 | 1 | 550 | - | 40 | 42 | - | 713 | 8 | 8 | 0 | 0 | 79 |
| लमजुङ | 68 | 949 | 32 | 24 | 4 | 431 | 5 | - | 188 | 40 | 40 | 0 | 0 | 108 |
| गोरखा | 42 | 334 | 6 | 193 | 71 | 483 | 27 | 0 | 397 | 3 | 3 | 0 | 0 | 28 |
| पर्वत | 11 | 375 | 7 | 185 | - | 326 | 20 | 0 | 316 | 66 | 62 | 0 | 4 | 239 |
| म्याग्दी | 16 | 125 | 24 | 91 | - | 2 | 6 | 0 | 138 | 11 | 11 | 0 | 0 | 52 |
| बाग्लुङ्ग | 37 | 219 | 26 | 990 | - | 13034 | 9 | 2 | 836 | 41 | 37 | 2 | 2 | 911 |
| नवलपुर | 24 | 755 | 66 | 48 | - | - | 24 | 2 | 560 | - | - | - | - | 69 |
| मनाङ्ग | 7 | 61 | 1 | 2 | 5 | 53 | 7 | - | 3 | 3 | 3 | 0 | 0 | 0 |
| मुस्ताङ्ग | 15 | 96 | 7 | 2 | 4 | - | 10 | - | 25 | - | - | - | - | 7 |
| **जम्मा** | 295 | 4700 | 199 | 2667 | 89 | 60787 | 265 | 4 | 4522 | 375 | 360 | 2 | 13 | 1782 |

नबराज शर्मा
स्वास्थ्य शिक्षा प्रशिक्षक
स्वास्थ्य निर्देशानालय, पोखरा